फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.स.२०७९/०८० दोश्रो पटक प्रकाशित मितिः२०७९/०९/२२

**विषयः सुन्तलाजात फलफुलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा तर्फ सुन्तलाजात फलफुलको साना व्यवसायिक उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन गर्नका लागि मिति २०७९/०९/०६ गतेको निर्णयानुसार सुन्तला पकेट विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले ईच्छुक व्यवसायिक कृषि फर्म/ कृषक समुह/ कृषि सहकारीहरुले तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७९/०९/२८ गते) कार्यलय समय भित्र फेदाप गाउँपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

१. समुह/फर्म/सहकारी/जल उपभोक्ता समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. संस्थाको निर्णय।
३. कार्यक्रम संचालनको लागि प्रस्तावना पत्र।
४. आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस।
७. कार्यक्रमको लागि प्रति पकेट ७ हेक्टर(१४० रोपनी) जमिनमा सुन्तला खेति गरिएको हुनुपर्ने।
८. कार्यक्रम संचालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात वा जग्गा भाडामा लिएको भएमा कम्तिमा ५ वर्षको संझौतापत्र।
९. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

**सम्पर्क नम्बरः९८५२०६१०२६ कृषि विकास शाखा**

सिता बस्नेत
कृषि विकास शाखा प्रमुख

०७९/०९/२२
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत